
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ असार २०८०,
बिहीबार
29 June 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक १५४ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# बजेटमा मतदान




संसद सचिवालयका अधिकारी र पूर्वअधिकारीहरुका अनुसार बजेटमा मतदान भएको यो पहिलो पटक हो ।



“ सामान्यतया बजेटमा मत विभाजन मागिँदैनथ्यो । यसपटक मागने काम भयो । यो डेमोक्रेटिक अभ्यास हो । यसलाई यही रुपमा लिनुपर्छ ।

**सुवासचन्द्र नेम्वाङ**
उपनेता, एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असार ।

सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तुत गरेको बजेट प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ। बुधवार प्रतिनिधिसभाको बैठकमा मत विभाजन प्रक्रियाबाट बजेट पारित गरिएको हो ।

संसद सचिवालयका अधिकारी र पूर्व अधिकारीहरुका अनुसार बजेटमा मतदान भएको पहिलो पटक हो । पहिलो पटक भएको मतदानमा सहभागी २५५ सांसदमध्ये बजेटको पक्षमा १४७ मत र विपक्षमा मत १०८ मत परेको छ ।

कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी, लोकतान्त्रिक समाजवादी र नागरिक उन्मुक्ति पार्टीले बजेटको पक्षमा मतदान गरेका छन् भने एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनमत र नेमकिपाले भने विपक्षमा मतदान गरेका छन् ।

सभामुखले ध्वनि मतको आधारमा बजेट पारित गर्ने प्रक्रिया अघि बढाउँदा लागेपछि एमालेले मत विभाजनको आधारमा प्रक्रिया अघि बढाउन सभामुखसँग माग गरेको थियो । त्यसपछि मतविभाजन भएको हो ।

प्रतिनिधिसभा नियमावली २०७९ को नियम २९ मा मत विभाजन सम्बन्धी व्यवस्था छ । जहाँ सभामुखको घोषणाप्रति कम्तीमा २८ जना सदस्यले आ-आफ्नो स्थानमा उभिई असहमति प्रकट गरेमा सभामुखले ‘हुन्छ’, ‘हुन्न’ र ‘मत दिन्न’ पृष्ठ २ मा

## कांग्रेसका पाँच सांसद अनुपस्थित


बजेट पारित गर्ने संसद बैठकमा प्रमुख सत्ताघटक नेपाली कांग्रेसका पाँच सांसद अनुपस्थित भएका छन् ।

विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्तावको पक्षमा



१४७ मत खसेको थियो । कांग्रेसबाट रक्षामन्त्री समेत रहेका पार्टी उपसभापति पूर्णबहादुर खड्का उपस्थित हुन सकेनन् । खड्का गैर आवासीय नेपाली संघको कार्यक्रममा लागि ओमान गएका छन् । कांग्रेसबाट संसदमा उपस्थित हुन नसक्ने अन्यमा आरजु राणा, विष्णुबहादुर कार्की, मनोरमा पृष्ठ २ मा

## संख्यामा सरकारको समर्थन घट्दै






गठबन्धनसँग बहुमत थियो । बजेट पारित हुनु स्वभाविक हो । हामीले आफ्नो मत देखायौं । प्रधानमन्त्रीमाथिको विश्वास ९९ दशमलव ९९ प्रतिशतबाट ५३ प्रतिशतमा झर्‍यो भन्ने देखियो । अरु त्यसमा केही भनिरहनु परेन ।

**केपी शर्मा ओली**
अध्यक्ष, एमाले

बजेटमाथि मतदान हुँदा पारित भएपनि संख्यामा सरकारको समर्थन घट्दै गएको देखिएको छ ।

१० पुस २०७९ मा प्रधानमन्त्री बनेका प्रचण्डले २६ पुसमा प्रतिनिधिसभामा विश्वासको मत लिएका थिए । पहिलो पटक विश्वासको मत लिँदा प्रचण्डले २६८ मत पाएका थिए । त्यसबेला एक/एक सिट रहेको नेमकिपा र राष्ट्रिय जनमोर्चा बाहेक संसदमा रहेका सबै दलका सांसदले प्रचण्डलाई विश्वासको मत दिएका थिए ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसम्म पुग्दा एमालेसँग गठबन्धन तोडेर प्रचण्डले कांग्रेससहित १० दलसँग गठबन्धन बनाएपछि ६ चैत २०७९ मा पुनः विश्वासको मत लिए । दोस्रो पटक विश्वासको मत लँदा प्रधानमन्त्री प्रचण्डले १७२ मत पाएका थिए ।

त्यसबेला प्रचण्डलाई उनको दल माओवादी केन्द्र, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाका सांसदले समर्थन गरेका थिए ।

यसबीचमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको रास्वपाले बुधबार विनियोजन विधेयकमाथि भएको मतदानमा विपक्षमा मतदान गरेको छ । प्रचण्ड नेतृत्वको वर्तमान सरकारको औपचारिक प्रस्तावमा रास्वपाले पहिलो पटक विपक्षमा मतदान पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन ओमानको मस्कटमा शुरु

## श्रमिकका सरोकार र समस्याबारे बृहत् छलफल जारी

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
मस्कट, ओमान, १३ असार

गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्वी क्षेत्रीय भेला ओमानको राजधानी मस्कटमा बुधबारदेखि शुरु भएको छ। उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले उद्घाटन गरेको सम्मेलनमा सहभागी वक्ताहरुले सम्मेलनको सफलताको शुभकामना व्यक्त गरे । सम्मेलन जुन ३० तारिखमा समापन हुनेछ ।

गैरआवासीय नेपाली संघको मध्य पूर्व क्षेत्रीय परिषद् र राष्ट्रिय समन्वय परिषद् ओमानको संयोजनमा आयोजना गरिएको सम्म्मेलनको मूल नारा ‘अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार, रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार’ रहेको छ ।




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, पूर्वश्रममन्त्री कृष्णकुमार श्रेष्ठ ‘किसान’, पूर्वअर्थमन्त्री जनार्दन शर्मा, नेकपा एमालेका नेता तथा प्रतिनिधि सभा सदस्य रघुवीर महासेठले पनि सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

मध्यपूर्वमा वैदेशिक रोजगारी तथा अन्य पेसा व्यवसाय गर्ने नेपालीका समस्या समाधन, मतदानको अधिकार, नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको योगदान, निरन्तरताको वैदेशिक रोजगारी र त्यसले परिवार तथा समाजलाई पारेको प्रभाव, सीपमूलक तालिम, फर्केर आएका युवायुवतीका लागि उद्यममा लाग्न प्रोत्साहनका विषयमा छलफल जारी छ। त्यसैगरी कामदार, उनीहरुको परिवारको मानसिक तथा शारीरिक स्वास्थ्यलगायतका विषयमा पनि छलफल हुने आयोजकहरुले बताएका छन् ।

विदेशस्थित नेपाली नियोगमार्फत विदेशमा श्रम स्वीकृति एवं अनुगमनको व्यवस्था, श्रम स्वीकृति कार्यान्वयन, श्रम सीप बैंकको पृष्ठ २ मा

## बालुवाटार जग्गा प्रकरणमा हदम्याद नलाग्ने

मुलुकी ऐन २०२० अनुसार सरकारी लिखित कीर्तेमा हदम्यादको व्यवस्था नभएकाले ललिता निवास प्रकरणमा हदम्याद लागू नहुने प्रहरीको भनाइ छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ असार ।

बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा प्रकरणमा हदम्याद नलाग्ने भएको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले किर्तेमा हदम्याद नलाग्ने दाबी गरेको छ । बुधबार पत्रकार सम्मेलन गरी सीआईबीले नयाँ मुलुकी ऐन जारी हुनुअघिकै अवस्थाको कानुनका आधारमा मुद्दा दायर हुने बताएको छ ।

पुरानो कानुनअनुसार मुद्दा चलाउँदा हदम्याद नलाग्ने प्रावधान रहेको बताउँछन् सीआईबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) किरण बज्राचार्य । मुलुकी ऐन २०२० अनुसार सरकारी लिखित किर्तेमा हदम्यादको व्यवस्था नभएकाले ललिता निवास प्रकरणमा हदम्याद लागू नहुने उनको भनाइ छ ।

उनले यो प्रकरण नयाँ मुलुकी ऐन आउनुभन्दा अघिको भएकाले अहिलेको कानुन आकर्षित नहुने बताउँदै मुद्दा दर्ता नहुने भन्ने प्रश्न नै नआउने बताइन् । यस प्रकरणमा केही चलखेल हुनसक्ने भएकाले प्रहरीसँग जवाफ दिनका लागि यथेष्ट प्रमाण रहेको उनको भनाइ छ ।

‘यो मुद्दा दर्ता नगर्ने प्रश्न नै आउँदैन, हामीले धेरै नै मेहनत गरेर प्रमाण जुटाएका छौं । मुद्दा दर्ता हुन्छ, अघि बढ्छ’ उनले भनिन्, ‘हदम्यादमा पनि दुविधा पृष्ठ २ मा



ललिता निवासको सरकारी जग्गा प्रकरणको मुद्दा दर्ता नगर्ने प्रश्न नै आउँदैन, हामीले धेरै मेहनत गरेर प्रमाण जुटाएका छौं । मुद्दा दर्ता हुन्छ, अघि बढ्छ ।

**किरण बज्राचार्य**
एआईजी, सीआईबी

## किसानले पाएनन् रासायनिक मल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ असार ।

केही दिनअघि दाङको घोराही उपमहानगरपालिकाका किसानले मासु जसरी रासायनिक मल भाग लगाएर बाँढेको तस्बिर सामाजिक सञ्जालमा चर्चित भयो । दाङ राजपुरका किसानहरुले धानको बीउमा राख्ने मल नपाएपछि थोरै थोरै भाग लगाएर बाँडिरहेको दृश्यले सरकारको चर्को आलोचना पनि भयो । खेतीबाली लगाउने समय भइसक्दा समेत सरकारले वर्षेनी जस्तै मल ल्याउन नसकेको भन्दै किसान समेत रुष्ट भइसकेका छन् । तर, प्रधानमन्त्री प्रचण्ड र कृषिमन्त्री बेदुराम भुसाल भने सदनमा समेत गएर झुटो प्रतिबद्धता गर्न छाँड्दैनन् ।

‘विसं २०७९ साउनदेखि हालसम्म तीन लाख ५१ हजार मेट्रिकटन मल आयात भएको छ । त्यसमध्ये ७१ हजार मेट्रिकटन विभिन्न बिक्री डिपोमा मौज्दात छ । भारतको कोलकाताबाट ४५ हजार मेट्रिकटन डिएपी पृष्ठ २ मा

म्यानपावर बिक्रीमा
चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर बिक्रीमा रहेकोले म्यानपावर लिनु ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८५१०३५८३०

# रविविरुद्धको रिट खारेज



**काठमाडौं/मस**–सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सांसद पद खारेजीको मागसहित दर्ता भएको रिट खारेज गरेको छ । प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, आनन्दमोहन भट्टराई, प्रकाशमान सिंह राउत र सपना प्रधान मल्ल सदस्य रहेको संवैधानिक इजलासले लामिछानेविरुद्धको रिट खारेज गरिदिएको हो ।

विदेशी नागरिकता त्यागेको निस्सा पेस नगरी नेपाली नागरिकता लिएको दाबीलाई पनि सर्वोच्चले गलत ठहर गरिदिएको छ ।

चितवन क्षेत्र नम्बर २ का सांसद लामिछानेले अमेरिकी नागरिकता त्यागेको निस्सा पेश नगरी नेपाली नागरिकताको प्रतिलिपि लिएको भन्दै अधिवक्ता युवराज सफलले गत जेठ १० गते सर्वोच्चमा अदालतमा रिट हालेका थिए । अमेरिकी नागरिकता त्यागेको निस्सा पेस नगरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पुरानै नम्बर नागरिकता लामिछानेले लिएको दाबी सफलले गरेका थिए ।

## समलिंगी विवाह दर्ता गर्न अन्तरिम आदेश

**चितवन/मस**–सर्वोच्च अदालतले समलिंगी विवाहको अस्थायी विवाह दर्ता गरिदिन सरकारका नाममा अन्तरिम आदेश दिएको छ । न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले समलिंगी विवाह गर्ने जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गरिदिन आवश्यक व्यवस्था गरिदिन अन्तरिम आदेश जारी गरेको हो ।

समलिंगी विवाह दर्ता गर्न नेपालको कानून बाधक रहेको भन्दै ब्लु डायमन्ड सोसाइटीको तर्फबाट अध्यक्ष पिंकी गुरुङसहित ७ जनाले सर्वोच्च अदालतमा निवेदन दिएका थिए । उनीहरुले विवाह दर्तासम्बन्धी मुलुकी देवानी संहिता २०७४ मा रहेको व्यवस्था संशोधनको माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतलाई विपक्षी बनाई रिट दिएका थिए । सर्वोच्च अदालतले मुलुकी देवानी संहिता २०७४ को दफा ६९ (१) ले प्रत्येक व्यक्तिलाई विवाह गर्ने स्वतन्त्रता दिएको र नेपालको संविधानको धारा १८ (१) ले सबै नागरिकलाई कानुनको दृष्टिमा समान हुने व्यवस्था गरेहेको स्मरण गराएको छ । सर्वोच्चले समलिंगी तेस्रोलिंगी समुदायको विवाह दर्तासम्बन्धी कानुनी व्यवस्थाको विषयमा सरकारसँग लिखित जवाफ पनि माग गरेको छ ।

### लुम्बिनी प्रदेश बजेट

# विपक्षी दलको विरोधले छलफल अगाडि बढ्न सकेन



**लुम्बिनी/मस**-लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रदेशसभामा प्रस्तुत गरेको दुई हप्ता पुगिसक्दा समेत छलफल हुन सकेको छैन ।

बुधबारका लागि आह्वान गरिएको प्रदेशसभाको बैठक विपक्षी दलको विरोधका कारण स्थगित भएको छ ।

निर्धारित समयभन्दा ढिलो शुरु भएको बैठकको प्रारम्भमै नेकपा (एमाले) ले बजेटउपर विरोध जनाएपछि छलफल नै नगरी बैठक १७ गतेसम्मका लागि स्थगित भएको छ ।

यसअघि असार १० गते छलफलका लागि आह्वान गरिएको बैठक बजेटमा सहमति जुट्न नसकेपछि बैठक बुधबारका लागि सारिएको हो ।

प्रदेश सरकारले प्रस्तुत गरेको बजेट पूर्वाग्रही र बेथिति निम्त्याउने खालको रहेको भन्दै प्रमुख प्रतिपक्षी एमालेले संशोधन नगरी पास हुन नदिने बताएको छ । गठबन्धन सरकारले आगामी वर्षका लागि ल्याएको बजेटमाथि आजको बैठकमा प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका नेता लीला गिरीले बजेट गतिहीन, संघीयताको खिलापमा रहेको बताए । उनले सरकारले प्रस्तुत गरेको बजेटले समृद्धिको लक्ष्यलाई आत्मसात् नगरिकन आएको भन्दै यही अवस्थामा बजेटलाई स्वीकार गर्न नसिकिने बताए ।

नेता गिरीले संघीयताको मर्मविपरीत प्रदेश निर्देशनालय खारेज गरिनु गलत भएको बताए । उनले गैरजिम्मेवारपूर्ण तरिकाले गरिएका यस्ता निर्णयलाई एमालेले स्वीकार गर्न नसक्ने स्पष्ट पारे ।

नेकपा (एमाले)का प्रमुख सचेतक तुल्सीप्रसाद चौधरीले नागरिकको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राखी राज्य कोषको रकम खर्च गर्नेभन्दा झिनामसिना आवश्यकता र औचित्यतासमेत पुष्टि नहुने विषयमा बजेट केन्द्रित गरिएको बताए ।

प्रदेश सरकारले असार १ गते रु ४० अर्ब ४७ करोड ८९ लाख बराबरको बजेट ल्याएको थियो । एमालेले प्रदेश सरकारले प्रस्तुत गरेको बजेटप्रति प्रदेशसभाको आजको बैठकमा विरोध जनाएका कारण सभामुख तुलाराम घर्तीले पहिलो बैठक केही समयका लागि स्थगित गरेका थिए । बुधबारको पहिलो बैठकपश्चात् पनि दलबीच सहमति जुट्न नसकेकाले बैठक सूचना जारी गरेर स्थगित भएको छ । प्रदेशसभाको आगामी बैठक असार १७ गते हुने सूचनामा जनाइएको छ ।

#### बजेटमा...

भन्ने सदस्यलाई विभाजन गरी मत संकलन गर्नुपर्ने भनिएको छ ।

यही व्यवस्था अनुसार 'हुन्छ', 'हुन्न' र 'मत दिन्न' भन्ने सदस्यलाई भिन्नाभिन्नै ढोकाबाट उपकक्ष (लवि) मा प्रवेश गराई वर्णानुक्रमानुसारको नामावलीमा दस्तखत गराएर विनियोजन विधेयकका विषयमा सदनले निर्णय लिएको हो ।

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ बजेटमाथि मतदान हुनुलाई स्वभाविक रुपमा लिनुपर्ने बताउँछन् । उनी भन्छन्, 'सामान्यतया बजेटमा मत विभाजन मागिँदैनथ्यो । यसपटक माग्ने काम भयो । यो डेमोक्रेटिक अभ्यास हो । यसलाई यही रुपमा लिनुपर्छ ।'

#### कांग्रेसका...

शेरचन र वीरबहादुर बलायर छन् ।

राणा दुई दिनअघि उपचारका लागि जापान गएकी छन् । कार्की भारत गएका कारण उपस्थित हुन सकेनन् । शेरचन विरामी रहेको र बलायर परिवारमा एक सदस्य गुमेकाले उपस्थित हुन सकेनन् । कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बन परेका छन् ।

#### संख्यामा...

गरेको हो । बजेटमाथिको मतदानमा सरकारको समर्थनमा १४७ मत देखा परेको छ ।

प्रतिनिधिसभाको ठूलो दल नेपाली कांग्रेसका ८८ सांसद छन् । दोस्रो ठूलो दल नेकपा एमालेको ७८, नेकपा माओवादीको ३२, रास्वपाको २१, राप्रपाको १४, जसपाको १२, नेकपा एकीकृत समाजवादीको १०, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीको चार/चार र नागरिक उन्मुक्ति पार्टीको ३ सदस्य छन् । नेपाल मजदुर किसान पार्टी, आम जनता पार्टी, राष्ट्रिय जनमोर्चा लगायतका साना दलहरुको एक/एक सिट छ ।

बजेट अनुमोदनपछि प्रतिनिधिसभाबाट बाहिरिँदै प्रमुख प्रतिपक्षी दल एमाले अध्यक्ष केपी शर्मा ओलीले सरकारमाथि संसदको विश्वास घटेको बताए । अध्यक्ष ओलीले ९९ प्रतिशत समर्थन रहेको सरकारले समर्थन घटेर ५३ प्रतिशत बनेको बताए ।

'गठबन्धनसँग बहुमत थियो । बजेट पारित हुनु स्वभाविक हो । हामीले आफ्नो मत देखायौं' ओलीले भने, '९९ दशमलव ९९ प्रतिशतबाट ५३ प्रतिशतमा झर्‍यो प्रधानमन्त्रीमाथिको विश्वास भन्ने त्यहाँ देखियो । अरु त्यसमा केही भनिरहनु परेन ।'

#### आठौं...

स्थापना, कामदार र सरकारी निकायबीच समन्वय, वैदेशिक रोजगारीमा गएकाको लागि सञ्चयकोषको व्यवस्था गर्न यस सम्मेलनले नेपाल सरकारको ध्यानाकर्षण गराउने बताइएको छ ।

सम्मेलनमा वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहाल, कार्यकारी निर्देशक द्वारिका उप्रेती, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव रामचन्द्र ढकाल, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवाली, निर्देशक कृष्ण अधिकारी, मन्त्रालयका सल्लाहकार डा आभासकुमार लाभलगायतको उपस्थिति रहेको छ ।

यस्तै सम्मेलनमा बहराइनका लागि नेपाली राजदूत तिर्थ राज वाग्ले, साउदी अरेबियाका लागि नेपाली राजदूत नवराज सुवेदी, कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकाल, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल, अन्य सरोकारवाला निकायका पदाधिकारी, गैरआवासीय नेपाली संघका अध्यक्ष, पूर्वअध्यक्ष, संरक्षक, पदाधिकारी, सदस्य, विभिन्न मुलुकका एनसीसीका प्रतिनिधि, एनआरएनएका अभियन्ता तथा सञ्चारकर्मीलगायतको सहभागिता रहेको छ ।

सम्मेलनमा आइसीसीका पदाधिकारीहरु, मध्यपूर्वी क्षेत्रका एनआरएनए एनसीसीका प्रतिनिधिहरु तथा विश्वभरबाट आएका एनआरएनए अभियान्ता तथा सञ्चारकर्मी गरी करिव पाँच सय बढीको सहभागिता रहेको छ ।

सम्मेलनमा मध्यपूर्वसहित युरोप, अमेरिका, जापानलगायत विभिन्न मुलुकका करिब पाँच सय जना प्रतिनिधिको सहभागिता रहेको छ । मस्कट घोषणापत्र जारी गर्दै सम्मेलन शुक्रबार सम्पन्न हुनेछ ।

#### बालुवाटार...

हुनेछैन, यस्तोमा चलखेल रहन्छ नै उनीहरुलाई जवाफ दिने यथेष्ट प्रमाण छन् ।'

पत्रकार सम्मेलनमा सीआईबीका एसएसपी दिनेश आचार्यले २०४७ पछिका चरणचरणमा ललिता निवासको १४३ रोपनी जग्गा हिनामिना भएको बताए । उनले राणा परिवारलाई फिर्ता गरेको नाममा, नक्कली मोही खडा गरेर, गुठी खडा गरेर जग्गा हिनामिना गरिएको बताए ।

ललितानिवास जग्गा प्रकरणमा मीनबहादुर गुरुङ, तत्कालीन मालपोत अधिकृत धर्मप्रसाद गौतम, मालपोत कर्मचारी गोपाल कार्की र भक्तपुर मालपोतका तत्कालीन हाकिम सुधीर शाह पक्राउ परेको भन्दै अनुसन्धान जारी रहेको उनले बताए छन् ।

'ललिता निवास जग्गा प्रकरणमा मंगलवार हामीले ४ जनालाई पक्राउ गरेका छौं । उनीहरूलाई थप अनुसन्धान र कारबाही अघि बढाएका छौं' उनले भने 'सरकारी जमिन जसरी किर्ते भएको छ यसमा असीमित हदम्याद हुने व्यवस्था छ ।'

#### किसानले...

मल असारभित्र नेपाल ल्याइसक्ने गरी व्यवस्था गरिएको छ', प्रधानमन्त्री प्रचण्डले भने । रासायनिक मलका लागि १५ अर्ब विनियोजन भए पनि थप रु २३ अर्बको स्रोत सुनिश्चित गरी मल आपूर्ति व्यवस्थालाई सुदृढ गरिएको उनको भनाइ छ ।

मल वितरण प्रणालीलाई पारदर्शी बनाउन मल आपूर्ति र वितरणमा डिजिटल प्रणाली प्रयोगमा ल्याइएको दाबी गरेपनि कृषकले खेती लगाउने समयमा मलको अभाव भोगिरहेका छन् । अझ चार वर्षअघि सम्झौता भएका कम्पनीले अहिले मल भित्र्याउन खोज्दा सरकारलाई घाटा हुने देखिएको छ । टेण्डर प्राप्त गरेको दिनदेखि ४५ दिनभित्र मल ल्याइसक्नु पर्नेमा सिल्क मार्केट ग्लोबल म्याटिक्स, सिनोम्याक र विथ कम्पनीले ४ वर्षपछि जबरजस्ती मल लिन आग्रह गरेका हुन् । मलको मूल्य कम भएपछि हताहतार मल बुझाउन खोज्ने कम्पनीबाट सरकारले मल लिदाँ करिब एक अर्ब भन्दा बढी घाटा लाग्ने कृषिसामाग्री कम्पनीको भनाइ छ ।

'रासायनिक मल आयातको सम्बन्धमा आयातकर्ताहरूसँग छलफल भइरहेको छ, हामी बजारमा मलको अभाव नहुने वातावरण बनाउन तत्पर छौं' कृषि सामग्री कम्पनीका प्रमुख विष्णु पोखरेलले भने । नेपालमा बर्षेनी ९ लाख मेट्रिकटन मलको माग हुने गरेको कृषि सामग्री कम्पनीको तथ्यांकले देखाउँछ । अझ पछिल्ला दिनमा कृषिप्रतिको आकर्षण बढ्ँदा मलको माग बढेको पनि तथ्यांकले देखाउँछ । तर, समयमा मल ल्याउन नसक्ने अनि गफ मात्रै हाँक्ने प्रवृत्तिले किसानहरु थप मारमा परेका छन् ।

## क्लिनिकमा उपचार गर्न लैजाँदा बालकको मृत्यु



**काठमाडौं/मस**–रौतहटको गरुडा नगरपालिकामा क्लिनिकमा उपचार गर्न लैजाँदा २ वर्षीय बालकको मृत्यु भएको छ । गरुडा नगरपालिका-९ मा रहेको 'ओम क्लिनिक'मा उपचारको क्रममा सचिन पटेलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

देवाहीगोनाही नगरपालिका-४ का शिवशंकर पटेलका छोरा सचिनलाई ज्वरो आएपछि परिवारले 'ओम क्लिनिक'मा लगेका हुन् ।

क्लिनिक सञ्चालक गणेश सहनीले बालकलाई सिरिन्ज लगाइदिएका थिए । 'एकछिनमा ठिक हुन्छ' भनेर सहनीले भनेपनि बालकको स्वास्थ्य अवस्था झन् बिग्रिँदै गएको थियो । परिवारले उनलाई अनामिका अस्पतालमा लाँदै थिए । अनामिकामा पुग्नासाथ चिकित्सकले बालकलाई मृत घोषण गरेका थिए ।

'ओम क्लिनिक'का संचालकले सिरिन्ज लगाएका कारण बालकको मृत्यु भएको परिवारको आरोप छ । अनुसन्धानका लागी क्लिनिक सञ्चालक गणेश सहनीलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

### शिवशिखर सहकारी प्रकरण

# शर्माले साढे ११ अर्ब हिनामिना गरेको ठहर

**काठमाडौं/मस**–नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले एक सहकारी सञ्चालकले विभिन्न सहकारी संस्थामा बचत गरिएको साढे ११ अर्बभन्दा बढी रकम हिनामिना गरेको जनाएको छ ।

सिआइबीले सहकारी हिनामिनाको आरोप लागेपछि फरार भएका भक्तपुरको शिवशिखर बहुउद्देश्यीय सहकारीका निवर्तमान अध्यक्ष, मोरङको तुलसी बहुमुखी सहकारी संस्थाका अध्यक्ष तथा शिखर अर्गनाईजेसनका सञ्चालक केदारनाथ शर्माले यसरी बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा पक्राउ गरिएको जानकारी गराएको छ ।

उनलाई यही असार ११ गते नेपालगञ्जबाट पक्राउ गरी बुधबार सिआइबीले सार्वजनिक गर्दै कानूनी कारबाही अघि बढेको जानकारी गराएको छ । उनीसहितको समूहमाथि शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था कौशलटार, भक्तपुरमा कार्यालय रही नेपालका ३५ जिल्लामा सेवा केन्द्र रहेको सहकारीका शाखा कार्यालयमा एक लाख ६८ हजार सात सय २५ निक्षेपकर्ता सदस्यको १० अर्ब ७७ करोड ७६ लाख लाख रकम हिनामिना गरेको आरोप छ ।

यस्तै, मोरङको तुलसी बहुमुखी सहकारी संस्थाका २१ हजार एक सय ५४ निक्षेपकर्ता सदस्यले रु एक अर्ब ५४ करोड ७५ लाख रकम प्रचलित सहकारी ऐन र नियमावली विपरीत सहकारी संस्थाबाट आफू तथा आफ्ना नजिकका व्यक्तिको नाममा सञ्चालित ४३ विभिन्न कम्पनीमा ऋण लगानी गरी हिनामिना गरेको पाइएको छ ।

उक्त रकमको साँवा ब्याजसमेत सहकारी संस्थामा फिर्ता नगरी, सहकारी संस्थामा रहेको निक्षेप रकमबाट आफू र आफ्ना नजिकका व्यक्तिका नाममा जग्गा जमिन, सवारीसाधन खरिद गरी सर्वसाधारणको बचत रकम दुरुपयोग गरी सहकारी संस्थालाई हानि-नोक्सानी पु¥याएको पाइएको सिआइबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

## सहकारीबाट नागरिक ठगिएपछि महानगरको चासो

**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले सहकारीबाट बचतकर्ता ठगिने सिलसिला बढेपछि मातहतका सहकारीको नियमनमा चासो देखाएको छ ।

महानगरपालिकाको सहकारी विभागले बुधबार एक सूचना प्रकाशित गरी महानगरले तोकेको समयमा सबै शेयर सदस्यलाई उपस्थित गराई साधारणसभा सम्पन्न गर्न निर्देशन जारी गरेको छ । साथै महानगरपालिकालाई संस्थाको यथार्थ स्थिति र कारोबारबारे जानकारी गराउन महानगरले आग्रह गरेको छ ।

यसैगरी महानगरप्रमुख बालेन शाहले पनि सहकारीको यथार्थ स्थिति र कारोबारबारे जानकारी गराउन मातहतका सहकारीहरुलाई निर्देशन दिएका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'वित्तीय जोखिमबाट बचौं, सहकारीहरूलाई सङ्कटग्रस्त हुनबाट बचाऔं ।'

सहकारी संस्था र संस्थाका शेयरधनी तथा बचतकर्तालाई अनुरोध गर्दै उहाँले मूल्यवृद्धि र मुद्रा स्फीतिले वित्तीय क्षेत्रमा पारेको तरलताबाट सहकारी क्षेत्र पनि प्रभावित बनेको उल्लेख गरेका छन् । महानगरपालिकाको सहकारी विभागमा शेयर सदस्य र सञ्चालकले दिने गरेका लिखित तथा मौखिक उजुरीको चाप बढेको उनको भनाइ छ ।

उनले यस्तो संवेदनशील समयमा सहकारीले आफ्ना काम कारबाहीलाई जिम्मेवार, इमान्दार, अनुशासित, पारदर्शी एवं विधिसम्मत तरिकाले सदस्य केन्द्रित भई सञ्चालन एवं व्यवस्थापन गर्दै सहकारी सुशासन कायम गर्न अनुरोध गरेका छन् ।

# 'सशस्त्र प्रहरी विपद्मा भरोसा बन्नुपर्छ'



**काठमाडौं/मस**–सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी आपत विपद्मा परेका नागरिकको भरोसा बन्नुपर्ने बताएका छन् ।

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा बुधबार सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले भिन्नाभिन्नै भूगोलमा बसेका नेपाली नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन सशस्त्र प्रहरीले कुनै कसर बाँकी राख्न नहुने बताए

उनले भने, 'तपाईं र तपाईंका आफन्तले गरेको गौरवले त्यसबेला सार्थकता पाउँछ, जब तपाईंले राज्य र नागरिकको सेवामा परिचालित रहँदा उत्कृष्ट कार्य सम्पादनको दृष्टान्त प्रस्तुत गर्नुहुन्छ, अनि तपाईंहरुले बगाएको पसिनाले त्यतिबेला सार्थकता पाउँछ, जतिबेला तपाईंहरुले भिन्नाभिन्नै भूगोलमा बसेर नेपाली नागरिकमा सुरक्षाको प्रत्याभूति दिइ आपत विपद् परेको समयमा भरोसा दिलाउन सक्नुहुन्छ ।'

उनले राज्यप्रदत्त जिम्मेवारीका साथ नागरिकको सेवा र सुरक्षामा परिचालित रहन सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिँदै मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पूर्ण परिपालना गरी सामाजिक र पदीय आचरण विपरित गतिविधिमा नलागी आफूलाई एउटा अब्बल अधिकृतको रुपमा परिचित गराउनेतर्फ लाग्नुपर्नेसमेत बताए ।

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी बल नेपाललाई स्थापना कालदेखि यहाँसम्म आइपुग्न संगठनमा हिजो र आजका दिनमा सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीको त्याग, तपस्या र बलिदानको अनुकरणीय भूमिका रहेको स्मरण पनि गरे । नयाँ जोश र ऊर्जाका साथ दीक्षित भई कार्य क्षेत्रमा खटिई जान लागेका सशस्त्र प्रहरी सहायक निरीक्षकको आगमनसँगै संगठनले अझ बढी उत्कृष्ट कार्यसम्पादन गर्ने विश्वास लिएको बताए ।

प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक अभिकुमार खत्रीले साधारण नगारिकबाट फौजी जीवनमा प्रवेश गराउन आधार भूत तालिम अपरिहार्य रहेको बताउँदै प्रशिक्षार्थीलाई तालिममा सिकाइएका सैद्धान्तिक एवं व्यवहारिक अभ्यासबाट योग्य, सक्षम र इमान्दार अधिकृत उत्पादन गर्नमा टेवा पुग्ने बताए । ४६ हप्ता अवधिको उक्त आधारभूत तालिम १५ जना महिलासहित कूल एक सय २० जना सशस्त्र प्रहरी सहायक निरीक्षक सहभागी थिए ।

# प्राकृतिक कारणले २० गैंडा मरे



**चितवन/मस**–प्राकृतिक कारणले धेरै गैंडा मरेपछि मृत्युको खोजी गरिरहेको चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षमा विगतको तुलनामा कम गैंडा मरेका छन् । यस वर्ष हालसम्म २२ वटा गैंडा मरेकोमा २० वटा प्राकृतिक कारणले मरेका हुन् भने दुई वटा चोरी शिकारीले मारेका हुन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा प्राकृतिक कारणले ४३ वटा गैंडा मरेका थिए । त्यसयताको वर्षहरूमा प्राकृतिक कारणले मर्ने गैंडाको संख्या त्यसभन्दा कम हुँदै आएको छ । आव २०७६/०७७ मा २६, ०७७/०७८ मा ३९ र ०७८/०७९ मा ३५ वटा गैंडा प्राकृतिक कारणले मरेका छन् । यस आवमा ०७२/०७३ मा भन्दा बढी तर त्यसयताका अन्य वर्षको तुलनामा कम गैंडा मरेका हुन् । त्यस वर्ष १४ वटा गैंडा मरेका थिए ।

आव २०७३/०७४ मा २४ वटा गैंडा मरेको निकुञ्जको तथ्यांकमा उल्लेख छ । चालु आवको माघ महिनामा दुईवटा गैंडा चोरी शिकारीले मारेका थिए । अन्य गैंडा प्राकृतिक कारणले मरेको तिवारीले जानकारी दिए ।

प्राकृतिक कारणले मरेका गैंडा करेन्ट लागेर, चोटपटक लागेर, बूढो भएर, बाघको आक्रमणबाट, एकापसमा जुधेर, मगर गोहीको आक्रमणबाट मरेका हुन् । तिवारीले निकुञ्जभित्रको घाँसे मैदान र पानीको व्यवस्थापनका कारण गैंडा बाहिर ननिस्किएपछि मृत्यु घटेको अनुमान गरिएको बताए ।

प्राकृतिक कारणले गैंडा धेरै मरेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अध्ययनका लागि टोली गठन गरेको थियो । सो टोलीले अध्ययनसँगै सुझाव दिएपछि प्राकृतिक कारणबाट गैंडाको मृत्युदर घटाउन निकुञ्जले सक्दो प्रयास गरिरहेको तिवारीले बताए ।

चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो गणनाअनुसार छ सय ९४ गैंडा रहेका छन् । विगतका वर्षहरूमा चोरी शिकारबाट धेरै गैंडा मर्ने गरेको भए पनि पछिल्ला वर्षहरूमा यो संख्यामा कमी आएको छ । आव २०७३/०७४ मा एउटा, २०७७/०७८ मा चार वटा र २०७८/०७९ मा दुई वटा गैंडा चोरी शिकारीले मारेका थिए । सशस्त्र द्वन्द्वको समयमा एकै वर्ष चोरी शिकारीका कारण ३७ वटा गैंडा मरेका थिए ।

# उपत्यकाका सरकारी अस्पतालमा दुई हजार २८ शय्या निःशुल्क



**काठमाडौं/मस-** काठमाडौं उपत्यकाका सरकारी अस्पतालहरुमा आजदेखि दुई हजार २८ शय्या निःशुल्क हुने भएको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले आजदेखि सरकारी अस्पतालमा विपन्न, असहाय र बेवारिसे बिरामीको उपचारका लागि दुई हजार २८ शय्या निःशुल्क गरिने बताए।

बिहीबारदेखि उपत्यकाका गंगालाल हृदयरोग केन्द्र, प्रसूति गृह, कान्तिबाल र शुक्रराज ट्रपिकल सरुवा रोग अस्पतालले विपन्नका लागि निःशुल्क शय्या उपलब्ध गराउने उनले जानकारी दिए।

उनले भने, 'कान्तिबाल अस्पतालले ६० शय्या, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले चार सय ५० शय्या, ट्रमा सेन्टरले एक सय ५० शय्या र शहीद गंगालाल हृदयरोग केन्द्रले ९० शय्या निःशुल्क गर्ने निर्णय गरेका छन्।' उनका अनुसार अहिलेसम्म विपन्नका लागि निःशुल्क घोषणा गरिएका शय्याको संख्या दुई हजार २८ पुगेको छ। वीर अस्पतालले सात सय शय्या र कोशी अस्पतालले तीन सय ३० शय्या निःशुल्क उपलब्ध गराउने यसअघि नै घोषणा गरिएको छ। मन्त्री बस्नेतले विस्तारै देशभरिका केन्द्रीय अस्पतालमा विपन्नका लागि निःशुल्क शय्या थप्दै जाने र ती शय्यामा उपचार पनि निःशुल्क हुने बताए।

शय्या निःशुल्क गरेपछि अस्पतालमाथि पर्ने आर्थिक भार कम गर्नका लागि केही बजेट सम्बन्धित अस्पतालले व्यवस्थापन गर्ने र अपुग रकम स्वास्थ्य मन्त्रालयले बेहोर्ने गरी काम भइरहेको मन्त्री बस्नेतले बताए। स्वास्थ्य उपचार पाउनु जनताको संवैधानिक अधिकार भएकाले उक्त निर्णय सबै अस्पतालले कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए। निजी अस्पताल पनि जिम्मेवार भई नियम अनुसार कूल शय्याको १० प्रतिशत विपन्नका लागि निःशुल्क छुट्याउनुपर्ने भन्दै मन्त्री बस्नेतले १० प्रतिशत शय्या निःशुल्क गर्ने नियम कडाइका साथ कार्यान्वयन गराइरहेको बताए।

# बकर ईद मनाइँदै



**काठमाडौं/मस-**इस्लाम धर्मावलम्बीहरुले मनाउने महान् चाड बकर ईद (इद उल अजहा) आज मनाइँदै छ। बकरिद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो। रमजान पर्वको ७०औँ दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिसहरु हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन्। यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानहरुले धर्मले जायज मानेका जनावरलाई बलि (कुर्बानी) दिने गर्दछन्।

धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश पालना गर्न लाग्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानीको सट्टा स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी गरिएकाले सोही बमोजिम अहिलेसम्म पशुको कुर्बानी दिने धार्मिक मान्यतालाई मुसलमानहरुले कायम राखेको पाइएको छ।

निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मन्नत (दुवा) माग्दै भनेका थिए कि यदि अल्लाहले मलाई सन्तान सुख दियो भने म कुर्बानी गर्छु। सोही अनुरुप अल्लाहले निजको परीका लागि सपनामा कुर्बानी गर्न आदेश दिँदा उनले धेरै जनावरको कुर्बानी त गरे तर अल्लाह खुसी भएनन्। अन्तममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई खुसी गराउन खोजे पछि उहाँको परीक्षामा सफल भएकाले कुर्बानी गर्ने स्थानमा मानिसको नभइ पालिएका दुम्बाको कुर्बानी दिइएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडेर वितरण गरिन्छ। एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को भाग आफ्ना इष्टमित्रलाई र अर्को एक भाग आफू खानुपर्ने धार्मिक मान्यता छ। गएको वर्षमा बकरिद पर्व असार २६ गते परेको थियो। इस्लाम धर्मअनुसार प्रत्येक वर्ष अरबी क्यालेन्डरअनुसार १०/१० दिन पछि सर्दै जाने भएकाले ३६ वर्षको अवधिमा सबै चाडपर्वले एक फन्को लगाइसक्छ। यस पटक नेपालबाट एक हजार चार सय ४४ जना हज गर्न साउदीको मक्का पुगेका छन्।

बकरिद पर्वका निम्ति गरिने कुरबानीका लागि खरिद गरिने जनावर पूर्ण रुपमा स्वस्थ हुनुपर्छ। जनावरको आँखा, कान, खुट्टा र सिङ टुटफुट हुनु नहुने र हेर्दा पनि आकर्षक हुनुपर्छ। बिना मोलमोलाई खरिद गरिने भएकाले कुर्बानीका लागि मानिसहरुले सके घरका सबै मानिसहरुको नाममा नभए घरको अभिभावकका नामबाट कुर्बानी गर्ने चलन छ। ठूलो जनावरमा (राँगा, भैँसी, ऊँटजस्ता जनावर) हलाल गरिन्छ त्यसमा सातजना मिलेर कुर्बानी गर्नुपर्छ भने साना जनावर जस्तै, खसी, बहिला बाख्रा, दुम्बा भने एकै जनाले कुर्बानी गर्नुपर्छ। कतिपय मानिसहरुले मृतात्मा(बुबा, हजुर बुबाआमा, पत्नी वा पति)को संझनामा कुर्बानी दिने गर्दछन्। अरब देशमा बुधबार मनाइएको बकरिद नेपाल, भारत, पाकिस्तान, बंगलादेशमा आज मनाइँदै छ।

यसैबीच सरकारले बकर ईदका अवसरमा सार्वजनिक बिदा दिएको छ। गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले विज्ञप्ति जारी गर्दै बिहीबार सार्वजनिक बिदा दिने निर्णय भएको उल्लेख गरेका छन्।

# हेटौँडा अस्पतालमा मिर्गौला प्रत्यारोपणको तयारी





**हेटौँडा/मस-** आगामी ६ महिनाभित्र हेटौँडा अस्पतालमा मिर्गौला प्रत्यारोपण हुने भएको छ। हेटौँडा अस्पतालले सहिद धर्मभक्त प्रत्यारोपण केन्द्र भक्तपुरको सहयोगमा मिर्गौला प्रत्यारोपण सेवा शुरु गर्ने तयारी गरेको हो।

धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरद्वारा आयोजित अङ्गदान र प्रत्यारोपणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा हेटौँडा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले छ महिना भित्र अस्पतालमा मिर्गौला प्रत्यारोपण गर्ने गरी तयारी गरिरहेको जानकारी दिए। उनका अनुसार मिर्गौला प्रत्यारोपणको तयारीस्वरुप हेटौँडा अस्पतालमा पूर्वाधार निर्माणसँगै आवश्यक उपकरण खरिदको कार्य भइरहेको छ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारले हेटौँडा अस्पताललाई प्रत्यारोपण सेवा शुरु गर्न अनुदानस्वरुप नौ करोड उपलब्ध गराएको छ। उक्त रकम उपकरण खरिद र पूर्वाधार निर्माणमा खर्च हुनेछ। प्रदेश सरकारले आगामी वर्ष २०८०/८१ को बजेटमा पनि प्रत्यारोपण सेवा शीर्षकमा ४ करोड विनियोजन गरेको छ।

डा.सापकोटाका अनुसार हेटौँडा अस्पतालले तीन वर्षदेखि डाइलाइसिस सेवा दिँदै आएको छ। महिनामा ५० जनासम्म मिर्गौलाका बिरामीले डाइलाइसिसका लागि पालो कुर्नुपर्ने बाध्यात्मक अवस्थामा रहेको उनले जानकारी दिए। डाइलाइसिस गर्न आउने बिरामीका लागि थप १५ डाइलाइसिस मेशिन थप्नुपर्ने आवश्यक रहेको डा. सापकोटाले बताए। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा विश्वराज जोशीले हेटौँडामा प्रत्यारोपण सेवा शुरु गरेपछि यस कार्यले निरन्तरता पाउनुपर्नेमा जोड दिए।

# मनाङ पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा



**नविन अंकुर/मध्यान्ह**
मनाङ, १३ असार

मनाङ पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भएको छ। सबै स्थानीय तहलाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएपछि जिल्लालाई नै पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो। स्वास्थ्य कार्यालयले आयोजना गरेको कार्यक्रममा जिल्ला समन्वय उपप्रमुख सुरेन्द्र गुरुङले मनाङलाई पूर्ण खोप सुनिश्चित घोषणा गरेका हुन्। प्रत्येक घरघरमा पुगेर पूर्ण खोप लगाएको तथ्यांक संकलनपश्चात् जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख बाबुराम आचार्यले बताए। उनका अनुसार जिल्लाका आठ हजार आठ सय २१ जनाको तथ्यांक संकलन गरिएको थियो। संकलित तथ्यांकमध्ये पाँच हजार नौजना जिल्लामा नै बसोबास गर्दै आएका छन् भने दुई सय ६३ जना वैदेशिक रोजगारीमा गएको पाइएको उनले बताए।

स्थानीय तहअनुसार चामे गाउँपालिकामा नौ सय ६३, नार्पाभूमि गाउँपालिकामा पाँच सय ८९, नासों गाउँपालिकामा दुई हजार एक सय आठ र मनाङ ङिस्याङ गाउँपालिकामा एक हजार तीन सय ४९ गरी पाँच हजार नौजनाले पूर्ण खोप लगाएको पाइएको आचार्यले बताए। जिल्लाका सबै स्थानीय तहका १६ महिनादेखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमको तालिकाबमोजिम १५ महिनाभित्र पाउनुपर्ने सबै खोप पाइसकेको सुनिश्चिततासहित मनाङलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/१४**

**नेशनल इङ्गलिस बोर्डिङ्ग स्कुल ललितपुर प्रा.लि.** को मिति २०७९/११/२८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लाइफ प्रिप्रेटरी एकेडेमी प्रा.लि. (प्रा.लि. नं.: २२५१०)** कायम गर्ने गरी मिति २०७९/१२/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१४**

**गोरेटो क्याफे एण्ड म्युजिक बार प्रा.लि.** को मिति २०७८/१२/०७ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोरेटो फेमिली रेष्ट्रो एण्ड म्युजिक बार प्रा.लि. (प्रा.लि. नं.: २६२७६८)** कायम गर्ने गरी मिति २०७८/१२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

## मलेसियामा रोजगार |

कम्पनी : PLASFORM SDN.BHD.
शहर:SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०३/१३ चलानी नं.: ६०२०४००० LT. No.:288448

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २१ गते (6 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

रिलायन्स एच. आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. १३२/०६७/०६८
पो.ब.नं. ११५२४, टोखा १०,गोंगबु, काठमाडौं, फोनः ४९८०७६६, फ्याक्सः ४९८७५५५, ९८५११२७७२१

## साउदीमा रोजगारको अवसर |

कम्पनी: KHIDMATI AL ARABIA LIMITED CO
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७६६४ LT. No.: 271974 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Agent | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २१ गते (6 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

S.R. Group HR Consultancy Pvt. Ltd.
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

## कतारमा रोजगारको अवसर |

१. कम्पनी: LUMBINI CONTRACTING AND CLEANING
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८०/०३/१३ चलानी नं.: ६०२०३९८७ LT. No.: 288717

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Director | 8 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २०४९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1400 | ५०३३० | | | | | | | |
| 3. | General Clean Worker | 9 | 0 | | 1000 | ३५९५० | | | | | | | |
| 4. | Labour | 1 | 0 | | 1000 | ३५९५० | | | | | | | |

२. कम्पनी: TANIT TRADING & SERVICES & CONSULTING
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०८०/०३/१३ चलानी नं.: ६०२०३९८६ LT. No.: 288718

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 2 | | 1000 | ३५९५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार ३१ गते (6 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले दिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
श्रम ईजाजत नं. ४७०/०६०/६१
बसुन्धारा-३, काठमाडौ, फोन नं: 014375767
Mob: 9844065129, 9851129355 Email: misnepal09@gmail.com

## कतारमा रोजगारको अवसर |

कम्पनी : LEAD ELECTRO MECHANICAL SERVICES WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/१३ चलानी नं.: ६०२०३५७७ L.T. No.: 288686

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Technician | 7 | 0 | | 1400 | ५०,३३० | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३५,९५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २१ गते (6 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

RHYTHM OVERSEAS PVT. LTD.
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१४ असार २०८०, बिहीबार
29 June 2023, Thursday

## सम्पादकीय

# मत विभाजनको सन्देश

संभवतः नेपालको इतिहासमा पहिलोपटक आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेट प्रतिनिधिसभाको बहुमतबाट पारित भएको छ । विपक्षी दलहरूको माग बमोजिम सभामुख देवराज घिमिरेले प्रतिनिधिसभामा मत विभाजन गरेका थिए । प्रतिनिधिसभा नियमावली–२०७९ को नियम २९ बमोजिम मत विभाजन हुँदा बजेट पारित गर्ने पक्षमा १४७ मत पर्‍यो । २७५ सदस्यीय प्रतिनिधिसभामा यो संख्या बहुमत भएकाले बजेट पारित भएको छ । विपक्षमा १०८ मत परेको छ । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले विपक्षमा मतदान गरेको थियो । बजेट पारित गराउँन सत्तारूढ दलहरूले मत दिएकाले तत्काललाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार पनि जोगिएको छ । बजेट संसदमा पेश भएपछि सरकार परिवर्तनको हल्ला चलिरहेको थियो ।

सत्तारूढ दलका नेताहरूले नै सरकार परिवर्तनबारे सार्वजनिक अभिव्यक्ति दिएका थिए । प्रधानमन्त्री प्रचण्ड, पूर्वप्रधानमन्त्री माधवक ुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री गगन थापा लगायत नेताले सरकारको आयुबारे सार्वजनिक अभिव्यक्ति दिएका थिए । सत्तारूढ कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीभित्र बजेटप्रति असन्तुष्टि थियो । जनमत पार्टीले बजेटको विपक्षमा मतदान गर्ने तयारी गरेका थिए । यही अवस्था बुझेको एमालेले बजेट मत विभाजनबाट पारित गरिनुपर्ने माग राख्यो । सभामुख घिमिरेले पनि मत विभाजनमा जाने निर्णय लिए, जुन नेपालको इतिहासमा पहिलो घटना हुन पुग्यो । मत विभाजनबाट बजेट पारित गर्दा राष्ट्रिय राजनीतिमा केही अर्थपूर्ण सन्देश पनि गएको छ । मुख्य कुरा प्रधानमन्त्री प्रचण्डले सात महिनाभित्रै तेस्रोपटक पुष्टि हुनु परेको छ । गत १० पुसमा प्रधानमन्त्री नियुक्त प्रचण्डले २६ पुस र ६ चैतमा विश्वासको मत पाइसकेका थिए ।

तर एमालेले बजेट पनि मत विभाजनबाट टुंग्याउनुपर्ने माग गरेपछि तेस्रोपटक बहुमत पुष्टि गर्नुपर्‍यो । यो घटनाले आगामी सरकारहरूलाई पनि असर पार्ने प्रष्ट छ । सकारात्मक व्याख्या गर्दा अब हरेक वर्ष र आवश्यकता परेबमोजिम प्रधानमन्त्रीले संसदमा बहुमत पुष्टि गरिरहनुपर्नेछ । हुनत संसदको बहुमत प्रधानमन्त्रीले देखाइरहनुपर्ने संसदीय अभ्यास नै हो । तर यसअघि एकपटक विश्वासको मत पाइसकेपछि सत्तारूढभित्र कुनै निर्णय नभए वा विपक्षीले बहुमत नजुटाएसम्म बजेट हात उठाएर पारित हुन्थ्यो । सामान्यतयाः सत्तारूढसँग बहुमत रहेको विश्वासकै आधारमा सभामुखले बहुमतले बजेट पारित भएको घोषणा गर्थे । तर कानून पारित वा विश्वासको मत दिएकै जस्तो अभ्यास बजेट पारित गर्दा पनि प्रचलनमा आउने नजीर शुरू भएको छ, जसले सरकारलाई संसदप्रति उत्तरदायी बनाउन नै सहयोग पुग्छ । तर यसको दुरूपयोग हुन पुग्यो भने बर्षेनि सरकार संकटमा पर्ने र प्रधानमन्त्रीले बहुमत देखाउन सांसदहरूसँग सम्झौता गरिरहने प्रवृत्तिको विकास हुने डर समेत छ ।

# चुरे संरक्षणको सवाल

*भुटान र अस्ट्रेलियाले गिट्टी ढुङ्गा निकासी गरेको तर्क नेपालको सन्दर्भमा मेल खाँदैन । पाकिस्तानका इन्दुस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्मको शिवालिक भनिने पहाडमा ढुङ्गा उत्खनन त के पातसमेत टिप्न दिइँदैन ।*

**अग्रलेख**



● डा विजयकुमार सिंह

नेपालको कूल भू-भागको करिब १२.७८ प्रतिशत हिस्सा ओगटेको तत्कालीन चुरे क्षेत्रमा ५० लाख माानिसको बसोबास रहेको छ । ३७ जिल्ला ओगटेको यो क्षेत्रको जलाधार क्षेत्र र नदी प्रणालीलाई संवेदनशील एवम् जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण ऐन २०५३ को दफा १० को उपदफा (१) बमोजिम वातावरण क्षेत्र घोषणा गरिएको छ ।

पूर्व-पश्चिम लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उतर-दक्षिण पहुँच मार्गहरु बनेदेखि खोरिया फँडानी गरी चुरेमा बसोबास गर्ने क्रम पनि बढ्दो छ । चुरे क्षेत्रमा लालपुर्जा नभएको र खेतीपाती गरी जग्गा उपभोग गर्नेको गाउँ बस्ती तथा घरधुरीको सूची लामो रहेको विभिन्न अध्ययनहरुले देखाएको छ । चुरेको वन जङ्गल मासेर खेतीपाती गर्ने, खुल्ला चरिचरन गर्ने गराउने, काठ र दाउराको व्यापक कटानी, वन डढेलो, बालुवा तथा गिट्टी उत्खनन आदि कामले गर्दा चुरेको पारिस्थितिकीय प्रणालीमा व्यापक क्षति पुगेको छ । वर्षाको समयमा चुरे क्षेत्रबाट गिट्टी, बालुवा बाढीले बगाएर तराईको उब्जाउ जग्गामा थुपारेर भूमि मरुभूमिका रुपमा परिणत हुँदैछ । चुरेबाट बग्ने नदीका बाढीले नदी किनारको जग्गा कटान गरेर नदीको चौडाइ पनि बढ्दो छ । तराईको तल्लो भागमा बाढीले डुबानको समस्या ल्याएको छ ।

कपिलवस्तुमा रहेको देशकै सबैभन्दा ठूलो दुई सय २५ हेक्टरमा फैलिएको मानव निर्मित अन्तरराष्ट्रिय रामसार सन्धिमा समावेश भएको जगदीशपुर तालको पानीको स्रोत वाणगङ्गा नदीको चुरे क्षेत्रमा फैलिएको जलाधार क्षेत्र नै हो । यस्तै, अन्तरराष्ट्रिय रामसार सन्धिमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने तीन हजार २०० हेक्टरको बीस हजारी ताल र कैलालीको दुई हजार ५६३ हेक्टरमा फैलिएको घोडाघोडी ताल त झन चुरे क्षेत्रमा नै अवस्थित छ । दाङको घोराहीमा रहेको ५.५ बिघा (३.७ हेक्टर) मा फैलिएको जखिरा ताल, मोरङको लेटाङमा रहेको १५ हेक्टरमा फैलिएको राजारानी तालको पानीको स्रोत पनि चुरे नै हो । चितवनका १७ वटा तालहरु, दाङको जखिरालगायत नौवटा ताल, कञ्चनपुरको वेदकोट ताल र झिमिला ताल, सुर्खेतको जजुरा ताल, सिरहा बाबाताललगायत चुरे क्षेत्रमा करिब ३५ भन्दा बढी ठूला तालतलैयाको पानीको स्रोत चुरे पहाड हो ।

यी तालतलैयाहरु सिँचाइ, खानेपानीका स्रोत, जलचर तथा विभिन्न जीवजन्तु र पशुपक्षीको बासस्थान पनि हुन् । यसबाहेक भावर र तराईमा रहेका सर्लाहीको नारही मैन ताल, बाराको हलखोरिया दह, बाँकेको खस्रे ताल, बर्दियाको तारा ताल, धनुषाको जङ्गल दह, कैलालीको पुरैना र जोखर ताललगायत एक सय २० भन्दा बढी तालको पानीको स्रोत चुरे पहाड नै हो । यी ताल तलैयाहरु स्वदेशी र पाहुना चराहरुको महत्वपूर्ण वासस्थान हुनाका साथै लाखौं हेक्टर जमिन सिञ्चित भएको छ । यी तालहरुले भावर र तराईको जमिनमुनिको पानी रिचार्ज गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ । एकपटक माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरेपछि त्यसले पारिस्थितिकीय प्रणालीमा दीर्घकालीन असर गर्दछ ।

नेपालका चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका बाघ, गैंडा, हात्ती, गोहीलगायत अन्य वन्यजन्तुको खानेपानीको स्रोत खोल्साखोल्सीहरु तथा प्राकृतिक वा मानव निर्मित तालतलैयाहरुको पानीको स्रोत भनेकै चुरे हो । चितवन राष्ट्रिय निकुञ्जभित्र तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विसहजारी ताल, देवी ताल, नन्दन ताललगायत १० वटा ताल, पर्सा राष्ट्रिय निकुञ्जभित्र मानव निर्मित रमौल प्रतापपुर ताल, बर्दिया राष्ट्रिय निकुञ्जभित्र पनि १९ वटा सानाठूला तालको पानी चुरे क्षेत्रबाट नै आउँछ । चुरेभित्र पर्ने बाँके राष्ट्रिय निकुञ्जभित्र १५ वटा खोल्साखोल्सी र मानव निर्मित आठवटा तालतलैयाको स्रोत पनि चुरे क्षेत्र नै हो । चुरे क्षेत्र नेपालको जैविक विविधताको धनी क्षेत्र हो । बाघ, गैंडा, हात्तीलगायत महत्वपूर्ण वन्यजन्तुको बासस्थान यसै चुरे र भावर क्षेत्रमा पर्दछन् ।



